# नेपाल राष्ट्र बैंक
## केन्द्रीय कार्यालय
## विदेशी विनिमय व्यवस्थापन विभाग

इ.प्रा.परिपत्र संख्याः- ५९८ मिति :- २०७०/४/२०

नेपाल राष्ट्र बैंक, बैकिङ्ग कार्यालय लगायत अन्य कार्यालय र इजाजतपत्रप्राप्त “क” वर्ग तथा राष्ट्रिय स्तरका “ख” वर्गका बैंक तथा वित्तीय संस्थाहरू ।

विषय :- इ.प्रा. परिपत्र संख्याः ५६२ मा थप तथा संशोधन गर्ने सम्बन्धमा ।

महाशय,

परिवर्त्य विदेशी मुद्रामा खाता खोल्ने, रकम जम्मा गर्ने, खर्च गर्ने तथा खाता संचालन गर्ने सम्बन्धमा मिति २०६८/५/१ मा जारी इ.प्रा. परिपत्र संख्याः ५६२ मा देहाय बमोजिम संशोधन तथा थप गरिएकोले सोही बमोजिम गर्नु/गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

१. **खाता खोल्न ग्राह्य व्यक्ति, फर्म, कम्पनी, तथा संघ/संस्थाहरू :**

इ.प्रा. परिपत्र संख्याः ५६२ को दफा १ को खण्ड त थप गरिएको छ ।

(त) दान, दातव्य, उपहारप्राप्त गर्ने कुनै व्यक्ति/फर्म/कम्पनी वा संस्था ।

४. **खाता खोल्ने तथा संचालन गर्ने प्रकृयाः**

इ.प्रा. परिपत्र संख्याः ५६२ को दफा ४ को खण्ड (छ) संशोधन गरी देहायबमोजिम कायम गरिएको तथा खण्ड (थ) थप गरिएको छ ।

(छ) विदेशी नागरिक (पर्यटक समेत) को खाता खोल्दा निजहरुको भिषा अवधिसम्म मात्र खाता संचालन हुन सक्ने गरी खोल्नु पर्नेछ । यस्तो खाता भिषाको अवधि थप भएको आधारमा पुनः संचालन गर्न सकिनेछ । विदेशी नागरिक (पर्यटक समेत) ले नेपालमा रहँदा/बस्दा खोलेको विदेशी मुद्राको खाताबाट नेपालमा भुक्तानी दिने प्रयोजनका लागि मात्र बैंक खाता संचालनलाई निरन्तरता दिन चाहेमा निजको व्यक्तिगत विवरण अद्यावधिक गरी खाता संचालनलाई निरन्तरता दिन सकिनेछ । खातावाल विदेशी नागरिक विदेश फर्कि जाने भएमा सो पुष्टि हुने कागजात लिई निजको खातामा वांकी रहेको विदेशी मुद्रा खाता बन्द गरी निजको खाता रहेको विदेशी बैंकमा पठाउन सकिनेछ ।

(थ) कुनै व्यक्ति वा संस्थाले विदेशी मुद्रामा दान, दातव्य, उपहारप्राप्त गरेमा त्यस्तो विदेशी मुद्राको श्रोत र विवरण खुलाई व्यक्तिको हकमा परिचयपत्र तथा संस्थाको हकमा दर्ता सम्वन्धी कागजातहरु लिई आवश्यक प्रक्रिया पु-याई विदेशी मुद्रामा खाता खोल्न सकिनेछ ।

५. **परिवर्त्य विदेशी मुद्रा खाताबाट खर्च गर्ने तरिका :**

इ.प्रा. परिपत्र संख्याः ५६२ को दफा ५ को खण्ड (च) मा बुंदा नं.५ र ६ थप गरिएको छ ।

क्रमशः

(५) विदेशी मुद्रामा आय आर्जन गरी विदेशी मुद्रामा खाता भएका स्वदेशी तथा विदेशी व्यक्ति, फर्म, कम्पनी एवं नेपाली नागरिकहरु विदेश भ्रमणमा जांदा आवश्यक कागजात लिई आफ्नो खातामा भएको विदेशी मुद्रा प्रचलित व्यबस्था बमोजिम उपयोग गर्न चाहेमा विदेशी मुद्रा मौज्दातबाट एक पटक वा पटक पटक गरी वर्षमा बढीमा अमेरिकी डलर १०,०००।- (अमेरिकी डलर दश हजार) सम्म वा सो बराबरको अन्य परिवर्त्य विदेशी मुद्रामा उपयोग गर्न सकिनेछ ।

(६) अन्तरराष्ट्रिय संघ-संस्थाहरुमा काम गरी तलव भत्ता तथा पेन्सनको रुपमा विदेशी मुद्रा आर्जन गर्ने नेपाली नागरिकहरुले आवश्यक कागजातको आधारमा नेपाली बैंकहरुमा खोलिएको विदेशी मुद्रा खातामा जम्मा भएको परिवर्त्य विदेशी मुद्रा प्रचलित व्यबस्थाले खर्च गर्न छुट दिएका वस्तु आयात र पर्यटन, शिक्षा, स्वास्थ्य जस्ता सेवा खरिदका लागि एक पटकमा अमेरिकी डलर १०,०००।- वा पटक पटक गरी एक वर्षमा जम्मा अमेरिकी डलर २०,०००।- ( अमेरिकी डलर वीस हजार) वा सो वरावर सम्मको अन्य परिवर्त्य विदेशी मुद्रामा उपयोग गर्न सकिनेछ । तर यस्तो सटही पूंजीगत लगानीको रुपमा उपयोग गर्न पाइने छैन ।

यस बैंकबाट मिति २०६९/५/२६ मा जारी इ.प्रा. परिपत्र संख्या ५८५ खारेज गरिएको छ । साथै खारेज गरिएको परिपत्र अन्तरगत भए गरेका कामकारवाही यसै परिपत्र अन्तरगत भए गरेको मानिनेछ ।

भवदीय,

(राजेन्द्र पण्डित)
का.मु.कार्यकारी निर्देशक

**बोधार्थः**

१. श्री गभर्नरको कार्यालय ।
२. श्री डेपुटी गभर्नरको कार्यालय ।
३. श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यबस्थापन महाशाखा, सिंहदरवार, काठमाण्डौ ।
४ श्री बैंक तथा वित्तीय संस्था नियमन विभाग ।
५. श्री बैंक सुपरिवेक्षण विभाग ।
६. श्री वित्तीय संस्था सुपरिवेक्षण विभाग ।
७. श्री आन्तरिक लेखा परीक्षण विभाग ।
८. श्री सूचना प्रविधि विभाग ।
९. श्री नेपाल बैंकर्स संघ, हेरिटेज प्लाजा, काठमाण्डौ ।
१०. श्री डेभलपमेन्ट बैकर्स एशोसिएशन, पो.व.नं. २१०२६, अनामनगर, काठमाण्डौ ।